PRACTICAL ACTION
Technology challenging poverty

# घाँस संरक्षणका तरिकाहरु

प्राकृतिक रुपमा बाह्रै मास हरियो घाँस पाउन गाह्रो हुन्छ । त्यसकारण बढी घाँस पाइने समयमा घाँसलाई संरक्षण गरी राख्न सकेमा बाह्रै मास हरियो घाँस उपलब्ध भई दूध उत्पादनलाई कायम राख्न सहयोग पुग्दछ । घाँस संरक्षण गरी राख्नको लागि हे वा साइलेज बनाई राख्ने दुईवटा तरिकाहरू प्रचलनमा छन् ।

## १. हे

हरियो घाँसलाई काटेर त्यसमा भएको पानीको मात्रालाई सुकाएर संरक्षण गरिएको घाँसलाई हे भनिन्छ । सामान्यतया हरियो घाँसमा ७० देखि ८० प्रतिशतसम्म पानीको मात्रा हुन्छ । हे बनाउनको लागि यसलाई सुकाएर पानीको मात्रालाई १० देखि १५ प्रतिशतसम्म झार्नु पर्दछ ।

### हे बनाउनको लागि उपयुक्त घाँसहरू

हे बनाउनको लागि कोशे तथा अकोशे दुवै खालका घाँसहरू उपयुक्त हुन्छन् । जै घाँस यसको लागि निकै उत्तम हुन्छ तर लुसर्न, क्लोभर, वर्षिम, काउपी जस्ता घाँसहरू समेत प्रयोग गर्न सकिन्छ ।

### कुन बेला काट्ने ?

घाँसलाई फुल फुल्नु अगावै वा फुल लाग्ने बेलामा काट्नु सबैभन्दा उत्तम हुन्छ । घाम राम्रोसँग लागेको दिनमा घाँसमा शीत ओभाइसकेपछि मात्र काट्न उपयुक्त हुन्छ ।

### कसरी बनाउने ?

- घाँस काटेर खेतबारी  वा कान्लामा फैलाएर सुकाउने वा
- घाँस काटेर साना साना मुठ्ठा पारेर पर्खाल, छाना, गोठमाथि सुकाउने वा
- मुठ्ठा बनाएर डोरी वा लठ्ठामा झुण्डाएर सुकाउने

PRACTICAL ACTION
Technology challenging poverty

### असल हे मा हुनुपर्ने गुणहरू

- असल हे सम्पूर्ण पात सहितको हुनुपर्छ।
- मिश्रित घाँसहरूको हे राम्रो हुन्छ।
- घाँसमा १० प्रतिशत जति फुल फुल्न शुरु गरेको अवस्थामा काटेर बनाएको हे राम्रो हुन्छ।
- असल हे हरियो रङ्गको हुनुपर्दछ।
- असल हे नरम र स्वादिलो हुनुको साथै ढुसी रहित हुनुपर्दछ ।

### कति खुवाउने ?

हरियो घाँस नपाइने समयमा दूध दिने पशुलाई सरदर ५ केजीको दरले खुवाउने।

## २. साइलेज

हरियो घाँसलाई काटेर गुन्द्रुक बनाएजस्तो गरी तयार गरिएको संरक्षित घाँसलाई साइलेज भनिन्छ। साइलो पीट भनिने १ घन मिटरको खाल्डोमा ४०० देखि ७०० केजी हरियो घाँस साइलेजको रुपमा संरक्षण गर्न सकिन्छ।

### साइलेज बनाउनको लागि उपयुक्त घाँसहरू

साइलेज बनाउनको लागि डाँठमा गुलियोपना भएका घाँसहरू जस्तै मकै, जुनेलो, उखुको टुप्पो, बाजरा, टियोसिन्टे जस्ता घाँसहरू उपयुक्त हुन्छन्।

### कुन बेला काट्ने ?

साइलेजको लागि बाला पसाउने समयमा काट्न उपयुक्त हुन्छ। ६० देखि ६५ प्रतिशत मात्र चिस्यान भएको घाँस साइलेजको लागि उपयुक्त हुन्छ।

**कसरी बनाउने ?**

- घाँसलाई २ देखि ४ इन्चको टुक्रा पार्नुपर्दछ । घाँस भिजेको छ भने ओइलाएर मात्र काट्नु पर्दछ ।
- खाडलको पिँधमा प्लाष्टिक बिच्याउने ।
- टुक्रा पारेका घाँसहरू खाडलमा राख्ने र खाँदेर हावा बाहिर निकाली सकेसम्म कम समयमा खाडल भर्ने ।
- खाडल भरिसकेपछि माथिबाट हावा पानी नछिर्ने गरी प्लाष्टिकले राम्रोसँग छोपी १२ देखि १५ सेमीसम्म माटोले चारैतिर छोपेर लिपी दिनुपर्दछ ।
- माथिबाट गह्रुङ्गो चिजले थिचिदिनु पर्दछ ।
- करीब ४५ दिनमा साइलेज तयार हुन्छ ।

**असल साइलेजमा हुनुपर्ने गुणहरू**

- नरम, रसिलो र अमिलो अमिलो खालको मिठो वासना आउने ।
- हरियो रङ्गको ।
- ढुसी रहित र समाउँदा च्याप च्याप नआउने खालको हुनुपर्दछ ।
- ४.२ देखि ४.५ सम्म पिएच भएको ।

**कति खुवाउने ?**

हरियो घाँस नपाइने समयमा दूध दिने पशुलाई सरदर ४/५ केजीको दरले खुवाउने ।